**तिलोत्तमा नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड ९) तिलोत्तमा, चैत महिना २३ गते २०८२ साल (संख्या १५**

## भाग : २
## तिलोत्तमा नगरपालिका

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## कार्यविधिको नाम : संस्थागत विद्यालय छात्रवृत्ति वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः** स्थानीय तहलाई संविधान प्रदत्त माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकारको प्रभावकारी कार्यान्वयन गर्नको लागि अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५ तथा नियमावली, २०७७ र शिक्षा नियमावली, २०५९ मा व्यवस्था भए बमोजिम संस्थागत विद्यालयले उपलब्ध गराउनु पर्ने छात्रवृत्ति वितरण प्रक्रियालाई समयसापेक्ष बनाइ जेहेन्दार, विपन्न, आदिबासी जनजाति, थारू, दलित, मधेशी, मुस्लिम, अल्पसङ्ख्यक, अपाङ्ग तथा अन्य लक्षित वर्गका विद्यार्थीहरूको छात्रवृत्ति प्राप्त गर्ने अधिकार सुनिश्चित गर्दै छात्रवृत्ति वितरण सम्बन्धी कार्यलाई व्यवस्थित, पारदर्शी तथा लक्षित वर्गको पहुँचमा पुऱ्याउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

तिलोत्तमा नगरपालिकाको केही कानुन तर्जुमा र व्यवस्थापन गर्न बनेको ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"तिलोत्तमा नगरपालिकाको संस्थागत विद्यालय छात्रवृत्ति वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२"** रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात तिलोत्तमा नगरपालिका क्षेत्र भित्र सञ्चालित संस्थागत विद्यालयहरूमा मात्र लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) **"मन्त्रालय"** भन्नाले नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई जनाउँछ ।

(ख) **"संस्थागत विद्यालय"** भन्नाले प्रचलित कानुन बमोजिम संस्थागत विद्यालयको रूपमा अनुमति लिएका विद्यालयलाई जनाउँछ । साथै सो शब्दले सार्वजनिक शैक्षिक गुठी, निजी शैक्षिक गुठी, सहकारी तथा कम्पनीको रूपमा अनुमति प्राप्त गरी सरकारी अनुदान नपाउने गरी सञ्चालित विद्यालयहरूलाई समेत सम्झनुपर्छ ।

(ग) **"शैक्षिक गुठी"** भन्नाले कुनै पनि व्यक्ति वा समूहले नाफा नलिने गरी विद्यालय सञ्चालन गर्ने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(घ) **"छात्रवृत्ति"** भन्नाले यस कार्यविधिमा तोकिएको मापदण्ड बमोजिम छनोट भएका विद्यार्थीहरूलाई विद्यालयले निःशुल्क अध्ययन गर्नको लागि प्रदान गरेको सुविधालाई जनाउँछ।

(ङ) **"नगरपालिका"** भन्नाले तिलोत्तमा नगरपालिकालाई सम्झनुपर्छ ।

(च) **"कार्यपालिका"** भन्नाले तिलोत्तमा नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(छ) **"कार्यालय"** भन्नाले तिलोत्तमा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(ज) **"प्रमुख"** भन्नाले तिलोत्तमा नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(झ) **"उपप्रमुख"** भन्नाले तिलोत्तमा नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(ञ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले तिलोत्तमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ट) **"शाखा प्रमुख"** भन्नाले तिलोत्तमा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनुपर्छ ।

(ठ) **"नगरस्तरीय छात्रवृत्ति व्यवस्थापन समिति"** भन्नाले दफा ४ को उपदफा (१) बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## कार्यविधिको उद्देश्य, छात्रवृत्ति व्यवस्थापन तथा परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था

३. **कार्यविधिको उद्देश्यः** यस कार्यविधिका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।

(क) छात्रवृत्ति वितरणको प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाउनु ।

(ख) लक्षित वर्गको छात्रवृत्ति प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न प्रचलित कानुनको व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, गराउनु ।

(ग) छात्रवृत्ति व्यवस्थापनसँग सम्बन्धित सरोकारवालाहरूको भूमिका स्पष्ट गर्नु ।

(घ) छात्रवृत्ति वितरण प्रणालीमा एकरूपता कायम गर्नु ।

४. **नगरस्तरीय छात्रवृत्ति व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः**

(१) तिलोत्तमा नगरपालिकामा देहाय बमोजिमको एक नगरस्तरीय छात्रवृत्ति व्यवस्थापन समिति गठन हुनेछ ।

(क) प्रमुख -संयोजक

(ख) उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक -सदस्य

(ङ) कार्यपालिका सदस्यमध्येबाट नगर प्रमुखले मनोनित गरेको एक दलित एक महिला सहित ३ जना -सदस्य

(च) नगरस्तरीय अभिभावक संघ/सङ्गठनको तर्फबाट समितिले मनोनित गरेको एक जना -सदस्य

(छ) शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिले उच्च शिक्षा तथा माध्यमिक विद्यालय संघ (हिसान), निजी तथा आवासीय विद्यालय संघ (प्याब्सन) तथा राष्ट्रिय निजी तथा आवासीय विद्यालय संघ (एन प्याब्सन) का प्रतिनिधि र विज्ञहरूलाई आमन्त्रित सदस्यका रूपमा बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (च) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ। मनोनित सदस्यले पदीय दायित्व पुरा नगरेमा मनोनित गर्ने पदाधिकारी वा समितिले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. नगरस्तरीय छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** नगरस्तरीय छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संस्थागत विद्यालयले प्रदान गर्ने छात्रवृत्ति सम्बन्धी नीति निर्माण गर्ने ।

(ख) भर्ना भएका विद्यार्थी सङ्ख्याको आधारमा तोकिए बमोजिमको प्रतिशतले हुन आउने छात्रवृत्तिको कोटा निर्धारण गर्नका लागि आवश्यक व्यवस्था मिलाउने ।

(ग) नगरस्तरीय छात्रवृत्ति परीक्षा सञ्चालन समिति तथा वडास्तरीय छात्रवृत्ति सहजीकरण समितिले सञ्चालन गर्ने छात्रवृत्ति छनोट परीक्षाका लागि कक्षा निर्धारण गर्ने ।

(घ) विद्यालयहरूले प्रदान गरेको छात्रवृत्ति लक्षित वर्गले पाए नपाएको अनुगमन गर्ने, गराउने ।

(ङ) नगरस्तरीय छात्रवृत्ति परीक्षा सञ्चालन समितिले सिफारिस गरेका विद्यार्थीलाई छात्रवृत्तिबाट बञ्चित गराएको विषयमा परेको निवेदन उपर पुनरावलोकन गरी समस्याको टुङ्गो लगाउने ।

(च) प्रचलित कानुन अनुसार विद्यालयले प्रदान गर्नुपर्ने छात्रवृत्ति विद्यार्थीहरूले पाए नपाएको अनुगमन तथा निरीक्षण गरी सो बमोजिम नगरेको पाइएमा कानुन बमोजिम कारबाही गर्ने ।

(छ) नगरपालिका मार्फत तोकिए बमोजिमका विद्यार्थी छात्रवृत्ति कोटामा छनोटका लागि परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने ।

(ज) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

६. **नगरस्तरीय छात्रवृत्ति परीक्षा सञ्चालन समितिः** नगरपालिकास्तरबाट परीक्षा सञ्चालन, नतिजा प्रकाशन तथा विद्यार्थी सिफारिस गर्ने प्रयोजनका लागि देहाय बमोजिमको नगरस्तरीय छात्रवृत्ति परीक्षा सञ्चालन समिति रहनेछ ।

(क) शाखा प्रमुख -संयोजक

(ख) नगरपालिका भित्र सञ्चालित विद्यालयबाट प्रतिनिधित्व हुने गरी उच्च शिक्षा तथा माध्यमिक विद्यालय संघ (हिसान) को प्रतिनिधि एक जना -सदस्य

(ग) निजी तथा आवासीय विद्यालय संघ (प्याब्सन) को तिलोत्तमा नगर अध्यक्ष -सदस्य

(घ) राष्ट्रिय निजी तथा आवासीय विद्यालय संघ

(ङ) (एन प्याब्सन) को तिलोत्तमा नगर अध्यक्ष -सदस्य

(च) तिलोत्तमा नगरपालिकाको सूचना प्रविधि शाखा प्रमुख -सदस्य

(छ) तिलोत्तमा नगरपालिकाको प्रशासन शाखा प्रमुख -सदस्य

(ज) शिक्षा अधिकृत -सदस्य सचिव

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ । समितिले आवश्यकता अनुसार विषय विज्ञहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) परीक्षा व्यवस्थापनका लागि आवश्यक पर्ने खर्च सम्बन्धी मापदण्ड प्रचलित कानुन बमोजिम हुनेछ ।

(४) छात्रवृत्ति सम्बन्धी परीक्षा सञ्चालन प्रयोजनार्थ आवश्यक जनशक्ति व्यवस्थापनका लागि समितिले कार्यालयका कर्मचारी र शिक्षकहरूलाई प्रयोग गर्न सक्नेछ ।

**७. नगरस्तरीय छात्रवृत्ति परीक्षा सञ्चालन समितिको काम कर्तव्य र अधिकारः** नगरस्तरीय छात्रवृत्ति परीक्षा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अघिल्लो शैक्षिक सत्रमा भर्ना भएका वा चालु शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थी सङ्ख्या एकिन भइसकेको भए सो विद्यार्थी सङ्ख्याको आधारमा छात्रवृत्ति कोटा निर्धारण गर्ने ।

(ख) छात्रवृत्ति परीक्षाका लागि सूचना प्रकाशन गरी अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन सङ्कलन गर्ने ।

(ग) छात्रवृत्तिका लागि परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने ।

(घ) छात्रवृत्ति परीक्षाको नतिजा प्रकाशन गरी विद्यार्थी सिफारिस गर्ने ।

(ङ) छात्रवृत्ति परीक्षा सञ्चालनका लागि आधार तथा मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्ने, गराउने।

८. **वडास्तरीय छात्रवृत्ति सहजीकरण समितिः** संस्थागत विद्यालयले उपलब्ध गराउने छात्रवृत्ति वितरणको लागि परीक्षा सञ्चालन र विद्यार्थी छनोट लगायत छात्रवृत्ति वितरण सम्बन्धी समग्र प्रक्रियामा समन्वय तथा सहजीकरण गर्न वडास्तरमा देहाय बमोजिमको वडास्तरीय छात्रवृत्ति सहजीकरण समिति रहनेछ ।

(क) वडाध्यक्ष संयोजक

(ख) वडामा रहेका संस्थागत विद्यालय व्यवस्थापन समिति अध्यक्ष -सदस्य

(ग) वडामा रहेका संस्थागत विद्यालयका प्रध्यानाध्यापक -सदस्य

(घ) वडा सचिव -सदस्य सचिव

९. **वडास्तरीय छात्रवृत्ति सहजीकरण समितिको काम, कर्तव्य र अधिकारः** वडास्तरीय छात्रवृत्ति सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नगर स्तरीय छात्रवृत्ति व्यवस्थापन समिति तथा नगर स्तरीय छात्रवृत्ति परीक्षा सञ्चालन समितिको निर्णयानुसार विद्यार्थी सङ्ख्याको अभिलेख तयार गर्ने ।

(ख) विद्यालयबाट हुने छात्रवृत्ति वितरणका लागि अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन सङ्कलनमा सहजीकरण गर्ने ।

(ग) छात्रवृत्ति छनोट परीक्षा सञ्चालन, वितरण तथा व्यवस्थापन सम्बन्धमा आवश्यक सहजीकरण र सहयोग गर्ने ।

(घ) छात्रवृत्ति प्रदान गरेको प्रक्रिया तथा छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको नाम नामेसी विवरण सहितको प्रतिवेदन अनिवार्य रूपमा शाखामा पेस गर्ने ।

(ङ) छात्रवृत्तिका सम्बन्धमा माथिल्लो समितिले दिएको निर्देशानुसार काम गर्ने ।

## परिच्छेद-३

## छात्रवृत्ति कोटा, विद्यार्थी छनोट प्रक्रिया र परीक्षा सम्बन्धी व्यवस्था

**१०. छात्रवृत्ति कोटासम्बन्धी व्यवस्थाः**

(१) विद्यालयले अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ तथा शिक्षा नियमावली, २०५९ बमोजिम आफ्नो विद्यालयमा अध्ययनरत कुल विद्यार्थी सङ्ख्याको न्यूनतम दश प्रतिशत कोटा छात्रवृत्तिको लागि छुट्टाउनु पर्नेछ । यसरी छुट्टाइएको छात्रवृत्ति कोटा आधारभूत तथा माध्यमिक तहको प्रत्येक कक्षाको लागि दश प्रतिशतका दरले हुने गरी व्यवस्था गर्नु पर्नेछ । कुन कक्षाको कोटा कुन आरक्षित वर्गको लागि हो भन्ने विषय घोषणा गर्ने अधिकार नगरस्तरीय छात्रवृत्ति परीक्षा सञ्चालन समितिलाई हुनेछ ।

(२) संस्थागत विद्यालयको कक्षा १-१० सम्म छात्रवृत्ति कोटामा अध्ययन गर्न इच्छुक विद्यार्थीले आफू अध्ययनरत वा भर्ना भएको विद्यालयमा मात्र छात्रवृत्तिका लागि अनुसूची-१ को ढाँचामा आवश्यक कागजात सहित आवेदन दिनु पर्नेछ र छात्रवृत्ति कोटामा छनोट भएमा सोही विद्यालयमा नै अध्ययन गर्नु पर्नेछ ।

(३) सामुदायिक विद्यालयको कक्षा १-१० सम्म अध्ययनरत विद्यार्थीले छात्रवृत्ति कोटामा अध्ययन गर्नका लागि आवेदन दिन चाहेमा आफूलाई पायक पर्ने विद्यालयमा अनुसूची-१ को ढाँचामा आवश्यक कागजात सहित आवेदन दिन सक्नेछन्। सम्बन्धित विद्यालयमा विद्यार्थी छनोट हुने अवस्था नभई वा अन्य कारणले छात्रवृत्तिको कोटा रिक्त हुने अवस्था आएमा सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी मध्येबाट छात्रवृत्तिका लागि आवेदन दिइ परीक्षामा उत्तीर्ण विद्यार्थीलाई योग्यताक्रमका आधारमा जुन समुहमा आवेदन दिएको हो सोही समूहका लागि सिफारिस गरिनेछ।

(४) उपदफा (२) र (३) मा जुन सुकै कुरा लेखिएको भएतापनि संस्थागत विद्यालयमा कक्षा ११ को तोकिएको छात्रवृत्ति कोटामा अध्ययन गर्न

योग्यता पुगेका इच्छुक विद्यार्थीले अनुसूची-१ को ढाँचामा आवश्यक कागजात सहित आवेदन दिन चाहेमा आफूले रोजेको विद्यालयमा आरक्षण समूह खुलाई आवेदन दिन सक्नेछन् । छात्रवृत्तिका लागि आवेदन दिई परीक्षामा उत्तीर्ण विद्यार्थीलाई योग्यताक्रमका आधारमा रोजेको विद्यालयमा जुन समुहमा आवेदन दिएको हो सोही समूहका लागि सिफारिस गरिनेछ ।

**११. छात्रवृत्तिमा विद्यार्थी छनोट गर्ने प्रक्रियाः**

(१) नगरस्तरीय छात्रवृत्ति परीक्षा सञ्चालन समितिले विद्यालयले भरेको गत शैक्षिक सत्रको हकमा IEMIS प्रणालीको तथ्याङ्कमा आधारित रही छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको सङ्ख्यालाई निर्धारण गर्ने र चालु शैक्षिक सत्रको हकमा भर्ना प्रकिया सकिए लगत्तै विद्यार्थी सङ्ख्या एकिन गरी सोही आधारमा नगरपालिकाबाट छात्रवृत्ति कोटा निर्धारण सहित सूचना जारी गरी आवेदन लिन आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(२) नगरस्तरीय छात्रवृत्ति परीक्षा सञ्चालन समितिले प्राप्त आवेदनहरू छानविन गरी आवेदकहरूको सूची प्रकाशन गर्ने, गराउने र छात्रवृत्तिमा छनोट गर्नको लागि परीक्षाको मिति र स्थान तय गरी परीक्षा सञ्चालन गर्ने तथा तोकिएको आरक्षणको परिधि भित्र रही योग्यताक्रम कायम गरी नतिजा प्रकाशन गर्ने गराउने कार्य गर्नुपर्नेछ ।

(३) छात्रवृत्ति उपलब्ध गराइएका विद्यार्थीहरूको नाम, थर, कक्षा तथा निजको बाबु वा आमाको नाम, थर, वतन सहितको विवरण विद्यालयले सूचना पाटी र विद्यालयको वेबसाइट वा पेज भएमा सोबाट समेत सार्वजनिक गर्नु पर्नेछ । विवरण हेर्न चाहने व्यक्तिलाई विद्यालयले त्यस्तो विवरण निःशुल्क हेर्न दिनु पर्नेछ ।

**१२. परीक्षाको किसिमः**

(१) छात्रवृत्ति छनोटको लागि हुने कक्षा १-४ को लिखित परीक्षाको हकमा छात्रवृत्ति छनोट हुने कक्षा भन्दा एक कक्षा मुनिको

पाठ्यक्रममा आधारित रही अनिवार्य विषयबाट समानुपातिक रूपमा ४० अङ्क र सामान्य ज्ञानवाट १० अङ्क गरी कूल ५० पूर्णाङ्कको वस्तुगत प्रश्नपत्र निर्माण गरी सञ्चालन हुनेछ ।

(२) छात्रवृत्ति छनोटको लागि हुने कक्षा ५-१२ को लिखित परीक्षाको हकमा छात्रवृत्ति छनोट हुने कक्षा भन्दा एक कक्षा मुनिको पाठ्यक्रममा आधारित रही अनिवार्य विषयबाट समानुपातिक रूपमा ९० अङ्क र सामान्य ज्ञानवाट १० अङ्क गरी कूल १०० पूर्णाङ्कको वस्तुगत प्रश्नपत्र निर्माण गरी परीक्षा सञ्चालन गरिनेछ ।

(३) प्रत्येक प्रश्नको अङ्कभार दुई र परीक्षाको समयावधि १ घण्टाको हुनेछ । छात्रवृत्तिका लागि सञ्चालन गरिएको लिखित परीक्षामा उत्तीर्ण हुन न्यूनतम ४० प्रतिशत अङ्क हासिल गर्नुपर्नेछ । गलत उत्तर बापत अङ्क कट्टा गरिने छैन ।

(४) तोकिएको कोटाभित्र तोकिएको भन्दा कम वा कोटा अनुसारकै मात्र आवेदन परेमा आवेदकहरूलाई अन्तर्वार्ता अथवा स्वतः छनोटको आधारमा छनोट गर्न सकिनेछ ।

(५) तिलोत्तमा नगरपालिकाको स्थायी बासिन्दा भएको विद्यार्थी छात्रवृत्ति छनोट परीक्षामा सहभागी भएमा स्वतः अतिरिक्त दुई अङ्क प्रदान गरिनेछ ।

**१३. छात्रवृत्ति नपाउने अवस्थाः**

(१) कुनै कक्षामा छात्रवृत्ति पाएको विद्यार्थी निम्न अवस्थामा माथिल्लो कक्षामा छात्रवृत्ति प्राप्त गर्न ग्राह्य हुने छैनन् ।

(क) जम्मा विद्यालय खुलेको दिनको ७५ प्रतिशत हाजिरी नभएमा,

(ख) कानुनले तोकेभन्दा कम उमेरमा विवाह गरेमा,

(ग) कक्षा उत्तीर्ण गर्न नसकेमा,

(घ) गलत वा झुटा विवरण भरेको प्रमाणित भएमा

(ङ) शिक्षा नियमावली र विद्यालयले तयार गरेको आचारसंहिता उल्लघंन गरेको प्रमाणित भएमा,

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) सम्बन्धमा निर्णय गर्ने अधिकार सम्बन्धित विद्यालयलाई हुनेछ तर गम्भीर प्रकृतिको बिरामी परेको कारण विद्यार्थीको न्यूनतम उपस्थिति पूरा नभएको प्रमाणित भएमा पुनरावलोकन गर्न सकिनेछ । उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिम छात्रवृत्ति रद्द गर्नुपर्ने भएमा वडास्तरीय सहजीकरण समितिको सिफारिसमा नगरस्तरीय छात्रवृत्ति व्यवस्थापन समितिले छात्रवृत्ति रद्द गर्नेछ ।

## परिच्छेद-४

## आरक्षण सम्बन्धी व्यवस्था

**१४. आरक्षण सम्बन्धी व्यवस्थाः**

(१) छात्रवृत्तिका लागि आरक्षित कोटा निर्धारण गर्दा कूल आरक्षित छात्रवृत्ति कोटालाई शत प्रतिशत मानी जेहेन्दार, विपन्न, आदिबासी जनजाति, थारू, दलित, मधेशी, मुस्लिम, अल्पसङ्ख्यक, अपाङ्ग तथा अन्य लक्षित वर्गका विद्यार्थीहरूले छात्रवृत्ति प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न देहाय बमोजिम हुने गरी आरक्षण कोटा निर्धारण गरिनेछ।

| | |
|---|---|
| (क) जेहेन्दार | -बिस प्रतिशत |
| (ख) विपन्न | -बिस प्रतिशत |
| (ग) आदिबासी जनजाति/थारू | -बिस प्रतिशत |
| (घ) दलित | -पन्ध्र प्रतिशत |
| (ङ) मधेशी/मुस्लिम/अल्पसङ्ख्यक/अपाङ्ग | -दश प्रतिशत |
| (च) अन्य | -पन्ध्र प्रतिशत |

(२) छात्रवृत्तिका लागि वेपत्ता परिवारको सन्तति, मधेश आन्दोलनका घाइतेका सन्तति, शहिदका सन्तति, जनआन्दोलन तथा नवयुवा आन्दोलनका घाइतेका सन्ततिको आवेदन परेमा जुन समूहबाट

आवेदन परेको छ सोही समूहबाट प्राथमिकता दिई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपदफा (१) मा उल्लिखित आरक्षण समूहमध्ये एक विद्यार्थीले कुनै एक आरक्षण समुहबाट मात्र आवेदन दिन पाउनेछ । छात्रवृत्ति छनोट परीक्षामा विद्यार्थीको अङ्क बराबर भएमा विपन्नलाई प्राथमिकता दिनुपर्नेछ ।

(४) दफा १४ को उपदफा (१) (च) मा उल्लिखित **अन्य** भन्नाले सम्बन्धित विद्यालयमा छात्रवृत्ति कोटामा समावेश हुन नसकेका तर छात्रवृत्ति उपलब्ध गराउनु पर्ने अवस्थाका वा विशेष कारणबाट छात्रवृत्ति प्राप्त गर्नबाट वञ्चित लक्षित विद्यार्थीलाई आरक्षणको मर्म अनुसार सम्बन्धित विद्यालयको व्यवस्थापन समिति वा सञ्चालक समितिबाट छात्रवृत्तिका लागि सिफारिस गरेको विद्यार्थीलाई मानिनेछ।

(५) कुनै कक्षाको छात्रवृत्तिका लागि कुनै आरक्षण समूहमा छात्रवृत्ति कोटा निर्धारण भई कुनै कारणले उक्त आरक्षित कोटा रिक्त हुने अवस्था सिर्जना भएमा उक्त कोटालाई सोही कक्षाको बढी आवेदन परेको आरक्षण समूहमा थप गरी गणना गरिनेछ । यसरी थपिएको कोटाको लागि छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनोट गर्दा सम्बन्धित आरक्षित समूहतर्फको योग्यताक्रमको सूचीलाई आधार लिइनेछ ।

## परिच्छेद-५

## विविध

**१५. छात्रवृत्ति सम्बन्धी अन्य व्यवस्थाः**

(१) छात्रवृत्तिमा छनोट भएका विद्यार्थीहरूलाई विद्यालयले भर्ना शुल्क, मासिक शिक्षण शुल्क र यातायात बापत शुल्क लिन पाउने छैन ।

(२) विद्यालयले छात्रवृत्तिमा छनोट भएका विद्यार्थीसँग छात्रवृत्ति प्राप्त गर्नु अगावै भर्ना वा अन्य शीर्षकमा कुनै शुल्क लिएको रहेछ भने त्यस्तो शुल्क फिर्ता वा मिलान गर्नुपर्नेछ।

(३) छात्रवृत्तिमा छनोट भएका विद्यार्थीहरूबाट विद्यालयले निजको मञ्जुरी बेगर आवास, भोजन जस्ता अन्य विषयमा बस्नै पर्ने, लिनै पर्ने बाध्यात्मक परिस्थिति सिर्जना गर्न पाइने छैन ।

(४) छात्रवृत्ति परीक्षा व्यवस्थापन समितिले खास तह वा कक्षामा शैक्षिक सत्र सुरु हुनु अगावै वा शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्र छात्रवृत्ति छनोट प्रक्रिया सुरु गरी शैक्षिक सत्रको प्रारम्भ देखि नै छात्रवृत्तिमा अध्ययन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) नगरपालिकाले प्रत्येक शैक्षिक सत्रका लागि कक्षा १, कक्षा ३, कक्षा ५, कक्षा ७, कक्षा ९ र कक्षा ११ मा नगरस्तरीय छात्रवृत्ति छनोट परीक्षा सञ्चालन गरी जुन विद्यालयमा विद्यार्थीले आवेदन दिएको हो सोही विद्यालयका लागि छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण तयार गरी छात्रवृत्ति उपलब्ध गराउनका लागि विद्यालयको नाममा सिफारिस गरी पठाउनेछ ।

(६) एक पटक नगरस्तरीय छात्रवृत्ति परिक्षामा सहभागी भई छनोट भएको विद्यार्थीले दफा १३ को उपदफा (१) को अवस्था बाहेक अर्को शैक्षिक सत्रमा अध्ययन गर्ने सोही विद्यालयको कक्षा २, कक्षा ४, कक्षा ६, कक्षा ८, कक्षा १०, कक्षा १२ मा स्वतः छात्रवृत्ति प्राप्त गर्नेछ ।

(७) यो कार्यविधि कार्यान्वयन भएको सुरुको शैक्षिक सत्रमा एक पटकका लागि मात्र कक्षा २, कक्षा ४, कक्षा ६, कक्षा ८, कक्षा १० र कक्षा १२ का निम्ति नगरपालिकाले छात्रवृत्ति प्राप्त गर्ने विद्यालयगत विद्यार्थी सङ्ख्या एकिन गरे पश्चात आरक्षणको मर्म अनुसार सम्बन्धित विद्यालय आफैले छात्रवृत्ति छनोट परीक्षा सञ्चालन गरी छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनोट गरी छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विस्तृत विवरण सम्बन्धित विद्यालयले यथाशीघ्र शाखामा उपलब्ध गराउनु पर्नेछ ।

(९) नगरस्तरीय छात्रवृत्ति परीक्षा सञ्चालन समितिले नगरपालिका भित्र सञ्चालित संस्थागत विद्यालयमा हुने छात्रवृत्ति परीक्षालाई व्यवस्थित गर्न छनोट परीक्षा सञ्चालन मिति, प्रश्नपत्र निर्माण, विद्यार्थी छनोटका अन्य मापदण्ड निर्माण लगायतका विषयमा एकरूपता कायम गर्नेछ।

१६. **सफ्टवेयरको प्रयोगः** नगरपालिकाले यस कार्यविधि बमोजिम वितरण गरिने छात्रवृत्तिको कोटा निर्धारण, सूचना प्रकाशन, आवेदन फाराम सङ्कलन, विद्यार्थी छनोट तथा सिफारिस गर्ने कार्यलाई व्यवस्थित गर्न अनलाईन सफ्टवेयर निर्माण गरी कार्यान्वयनमा ल्याउन सक्नेछ ।

१७. **अनुसूचीमा संशोधनः** यस कार्यविधिको अनुसूचीमा उल्लिखित विवरण संशोधन गर्न आवश्यक देखिएमा नगरस्तरीय छात्रवृत्ति परीक्षा सञ्चालन समितिको निर्णय बमोजिम गर्न सकिनेछ ।

१८. **पुनरावेदन दिन सकिनेः** वडास्तरीय छात्रवृत्ति सहजीकरण समिति वा विद्यालयले कुनै कारण जनाई विद्यार्थीलाई छात्रवृत्तिबाट बञ्चित गराएमा सम्बन्धित विद्यार्थी वा निजको अभिभावकले नतिजा प्रकाशन भएको मितिले सात दिनभित्र नगरस्तरीय छात्रवृत्ति व्यवस्थापन समिति समक्ष पुनरावेदन दिन सक्नेछ।

१९. **निर्णय अन्तिम हुनेः** दफा १७ बमोजिम प्राप्त पुनरावेदनमा नगरस्तरीय छात्रवृत्ति व्यवस्थापन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

२०. **दण्ड तथा जरिवानाः** कुनै पनि संस्थागत विद्यालयले यस कार्यविधि बमोजिम छनोट भएका विद्यार्थीलाई तोकिए बमोजिमको छात्रवृत्ति प्रदान नगरेको पुष्टि भएमा नगरपालिकाबाट सम्बन्धित विद्यालयलाई प्रदान गरिने सेवा सुविधा रोक्का गरी प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ ।

२१. **बचाउः** यस कार्यविधि तयार हुनु पूर्व छात्रवृत्ति वितरण सम्बन्धमा भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१
## कार्यविधिको दफा १० सँग सम्बन्धित
## छात्रवृत्तिको लागि आवेदन फाराम

| |
|---|
| पासपोर्ट साइजको फोटो र उम्मेद्वारको हस्ताक्षर |

श्रीमान्......................................ज्यू,
तिलोत्तमा नगरपालिका ।

तिलोत्तमा नगरपालिकाको संस्थागत विद्यालय छात्रवृत्ति वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ मा व्यवस्था भए बमोजिमको कक्षा........मा संस्थागत विद्यालयबाट विद्यार्थीहरूको लागि प्रदान गरिने छात्रवृत्ति कार्यक्रममा म सम्मिलित हुन ईच्छुक भएकोले छात्रवृत्तिको लागि फाराम भरी आवश्यक प्रमाण तथा कागजातहरू यसैसाथ संलग्न गरी पेस गरेको छु ।

१. विद्यार्थीको पूरा नाम, थर (देवनागरीमा)
२. NAME IN ENGLISH (IN BLOCK LETTER)
३. अध्ययन गर्न चाहेको विद्यालयको नाम क्रमशः
४. छात्रवृत्तिको लागि आवेदन दिन चाहेको समूह (कुनै एकमा मात्र चिन्ह लगाउने)

जेहेन्दार/विपन्न/आदिबासी जनजाति/दलित/अपाङ्ग/अन्य

५. जन्म मितिः वि.सं........ ई. सं...
६. लिङ्गः पुरुष/महिला/अन्य
७. ठेगानाः स्थायी क) प्रदेश ख) जिल्लाः
 ग) स्थानीय तह घ) टोल
 अस्थायी क) प्रदेश ख) जिल्लाः
 ग) स्थानीय तह घ) टोल
८. बुवाको नाम, थरः पेशाः
९. आमाको नाम, थरः पेशाः

१०. बाजेको नाम, थरः पेशाः

११. पारिवारिक आम्दानीको श्रोतः कृषि/नोकरी/व्यापार/अन्य

१२. आम्दानीको अनुमानित विवरण रकममाः

१३. विद्यार्थीको सम्पर्क नम्बरः

१४. SEE उत्तीर्ण गरेको विद्यालयको प्रकार (सामुदायिक/संस्थागत)

१५. कक्षा ११ का हकमा अध्ययन गर्न चाहेको विषय समूहः

१६. SEE को सिम्बोल नम्बरः

१७. SEE मा प्राप्त गरेको जि.पी.ए.

१८. SEE उत्तीर्ण वा अघिल्लो कक्षा उत्तीर्ण गरेको विद्यालयको नाम ठेगानाः

उल्लिखित बेहोरा ठिक साँचो छन्,फरक परे कानुन बमोजिम सहुँला, बुझाउँला।

**<u>निवेदक</u>**

हाल अध्ययनरत विद्यालय..........................................................

कक्षा.......................

नाम :............................................. सही ...................

मिति :......................

**<u>संलग्न गर्नु पर्ने कागजातहरूः</u>**

- कक्षा ११ र १२ का लागि SEE को लब्धाङ्कपत्रको प्रतिलिपि ।
- सामुदायिक विद्यालयको विद्यार्थीको हकमा स्थानीय तहले सामुदायिक विद्यालय हो भनी प्रमाणित गरेको पत्र र तल्लो कक्षाको ग्रेडसिट।
- नेपाली नागरिकताको प्रमाणपत्र/जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- अपाङ्ग छात्रवृतिको लागि अपाङ्गता सम्बन्धी परिचयपत्रको प्रतिलिपि ।
- दलित र आदिवासी जनजाती छात्रवृत्तिको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा वडा कार्यालयको प्रमाणित पत्र ।
- विपन्नता छात्रवृत्तिका लागि विपन्नता परिचय पत्र वा सो जारी नभएको भए वडा कार्यालयको सिफारिस ।
- शहिदका छोराछोरीका लागि नेपाल सरकारबाट तोकिएको निकायबाट प्राप्त भएको प्रमाणित कागजात।

- जनआन्दोलन, मधेश आन्दोलन र जेन्जी आन्दोलनका घाइतेका सन्ततिका हकमा नेपाल सरकारबाट तोकिएको निकायबाट प्राप्त भएको प्रमाणित कागजात ।
- पासपोर्ट साइजको फोटो (३ प्रति) ।

# तिलोत्तमा नगरपालिका
## कक्षा .......को छात्रवृत्ति छनोट परीक्षा-२०८.......

पासपोर्ट साइजको फोटो र उम्मेद्वारको ———

**प्रवेश-पत्र**

१. विद्यार्थीको पूरा नाम, थर (देवनागरीमा)

२. NAME IN ENGLISH (IN BLOCK LETTER)

३. अध्ययनरत विद्यालयको नाम र ठेगान
कक्षा.......

४. सामुदायिक विद्यालयबाट आवेदन दिएको हो/होइन .................

५. छात्रवृत्तिको लागि आवेदन दिन चाहेको समूह (कुनै एकमा मात्र चिन्ह लगाउने)
जेहेन्दार/विपन्नता/आदिवासी जननजाति/दलित/अपाङ्गता/अन्य

६. जन्म मितिः वि.सं. ई. सं..

७. लिङ्ग पुरुष/महिला/अन्य

८. विद्यार्थी अभिभावकको सम्पर्क नम्बरः विद्यार्थी IEMIS नं.
परीक्षार्थीको दस्तखतः

**नोटः**

तोकिएका सर्त नपुगेको ठहर भएमा जुनसुकै समयमा यो प्रवेशपत्र रद्द हुनेछ ।

**कार्यालयबाट भर्नेः**

यस..........बाट मिति २०८ गते लिइने कक्षा .........को छात्रवृत्ति परीक्षामा निम्न परीक्षा केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ ।

परीक्षा केन्द्रः रोल नम्बरः प्रवेशपत्र प्रमाणित गर्नेको हस्ताक्षरः

**<u>परीक्षार्थीले पालना गर्नुपर्ने सर्तहरू:</u>**

१. परीक्षा दिन आउँदा अनिवार्य रूपमा प्रवेशपत्र ल्याउनु पर्नेछ । प्रवेश पत्र बिना परीक्षामा बस्न पाइने छैन ।

२. परीक्षा सुरू हुनुभन्दा ३० मिनेट अगाडि जनाउ घण्टी बजेपछि परीक्षा भवनमा प्रवेश गर्नुपर्नेछ। परीक्षा सुरु भएको २० मिनेट बितेपछि आउने परीक्षार्थी परीक्षामा बस्न पाउने छैन ।

३. परीक्षा सुरू भएको ३० मिनेट व्यतित नभएसम्म परीक्षा भवनबाट बाहिर जान पाइने छैन ।

४. किताब, कापी, कागज, चिट, मोबाइल, आदि परीक्षा हलमा ल्याउन पाइने छैन ।

५. परीक्षार्थीले उत्तरपुस्तिकामा आफूलाई चिनाउने कुनै पनि सङ्केत गरेमा निजको परीक्षा रद्द गरिनेछ ।

६. परीक्षा भवनमा अनुचित कार्य गर्न पाइने छैन । त्यस्तो गरिएको पाइएमा परीक्षा भवनबाट निष्काशन गरिनेछ ।

७. आफूले परीक्षा दिएको दिनमा अनिवार्य रूपमा हाजिरी गर्नु पर्नेछ । हाजिरी हुन छुट भएमा उत्तरपुस्तिका परीक्षण गरिने छैन ।

८. एउटा परीक्षार्थीले अर्को परीक्षार्थीको उत्तरपुस्तिकाबाट नक्कल गरेको पाइएमा नक्कल गर्ने र नक्कल गर्न दिने दुबै परीक्षार्थी परीक्षा हलबाट निष्काशन गरिने छ ।

**आज्ञाले**

**प्रमाणीकरण मितिः २०८२/१०/२८ गते**

**(खुमलाल भुसाल)**
**प्रमुख प्रशासकीय अधिकृत**